# धनौजी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्याः- २०८३/०८४
चलानी नं:-२२३

मितिः- २०८३/०५/०५

विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि PMT फाराम भर्ने भराउने सम्बन्धमा।

श्री प्रधानाध्यापक ज्यू,
कक्षा ५ र ८ सञ्चालित सामुदायिक विद्यालयहरू सबै,
धनौजी गाउँपालिका धनुषा।

उपर्युक्त सम्बन्धमा श्री शिक्षा विभाग को प्राप्त च.नं. १०, मिति २०८३/०५/०४ अनुसार आगामी शैक्षिक सत्र २०८४ मा कक्षा ६ र कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि हाल चालू शैक्षिक सत्र २०८३ मा कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूबाट नियमानुसार Proxy Mean Testing (PMT) फाराम भराउनु पर्ने भएकाले देहायबमोजिमको प्रक्रिया पूरा गरी मिति २०८३/०६/१० गते सम्म विवरण IEMIS प्रणालीमा प्रविष्टि गर्नु गराउनु हुन अनुरोध छ।

कार्यान्वयन गर्नुपर्ने मुख्य विवरण तथा प्रक्रियाहरूः

- फाराम वितरण तथा सङ्कलनः विद्यालयले https://cehrd.gov.np वा https://emis.cehrd.gov.np बाट PMT फाराम डाउनलोड गरी प्रिन्ट गरेर कक्षा ५ र ८ का इच्छुक विद्यार्थी/अभिभावकलाई उपलब्ध गराउनुपर्ने छ।
- विवरण प्रमाणीकरणः विद्यार्थी/अभिभावकले फारामका सम्पूर्ण सूचकहरू सत्य-साँचो भरी अभिभावकबाट प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेस गर्नुपर्ने छ। प्रधानाध्यापकले प्राप्त फाराम रुजु र सही छाप गरी नगरपालिका/स्थानीय तहमा प्रमाणीकरणका लागि पेस गर्नुपर्ने छ।
- IEMIS मा प्रविष्टि (Data Entry):

१. https://emis.cehrd.gov.np मा लगइन गरी Dashboard को PMT मेनुमा जाने।
२. वर्षः २०८३ र कक्षाः ५ वा ८ छनोट गरी Load मा क्लिक गर्ने।
३. सम्बन्धित विद्यार्थीको नामको दायाँतर्फ रहेको Action मा थिची प्रमाणित PMT फारामको विवरण हुबहु प्रविष्टि गर्ने।

- समयावधिः सूचना प्रकाशन भएको मिति (२०८३/०५/०४) ले ४५ दिन भित्रमा अनिवार्य रूपमा IEMIS मा प्रविष्टि गरिसक्नुपर्ने छ।
- अभिलेख सुरक्षित राख्नेः प्रविष्टि गरिएका प्रमाणित PMT फाराम र सोको विवरण/अभिलेख विद्यालयले सुरक्षित राख्नुपर्ने छ।

आवश्यक कागजातहरू :

१. राष्ट्रिय परिचयपत्र नं. सहितको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि ......... १
२. बाबुआमाको नागरिकता र राष्ट्रिय परिचयपत्र नं. को प्रतिलिपि ............ १/१
३. फोटो ........................................................................ १
४. PMT फाराम ................................................................ १
५. कबुलियतनाम फाराम ...................................................... १

उमेर साह
नि.प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क : गा.पा. अध्यक्ष 9844026362 प्रमुख प्रशासकीय अधिकृत 9851432214
email:info@dhanaujimun.gov.np ,dhanaujimun@gmail.com ,ito.dhanaujimun@gmail.com web: www.dhanaujimun.gov.np

धनौजी गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा
दर्ता नं. ३००
दर्ता मिति: २०८३।०५।०५

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा विभाग

## समावेशी शिक्षा शाखा

सानोठिमी, भक्तपुर
फोन नं: ०१-६६३८८५३
Email-inclusivedoe@gmail.com/ies@cehrd.gov.np

प.सं.: २०८३/०८४
च.नं.: ९०

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

मिति २०८३।०५।०४

श्री स्थानीय तह सबै ।

**विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आगामी शैक्षिक सत्र २०८४ मा सार्वजनिक विद्यालयतर्फ कक्षा ६ र कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ को उपदफा १ को खण्ड (क) बमोजिम चालु शैक्षिक सत्र २०८३ मा कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूबाट यसैसाथ संलग्न रहेको अनुसूची १ अनुसारको Proxy Mean Testing (PMT) फाराम सम्बन्धित विद्यालयमार्फत् देहायबमोजिम भर्ने भराउने व्यवस्था गर्नु गराउनु हुन विभागको मिति २०८३।०५।०४ को निर्णयानुसार अनुरोध छ ।

धर्म प्रसाद तिवारी
निर्देशक

**१. PMT फाराम भर्ने भराउने प्रकृयाका लागिः**

१.१ यस विभागको वेबसाइट https://cehrd.gov.np वा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System IEMIS) को वेबसाइट https://emis.cehrd.gov.np मा गई PMT फाराम डाउनलोड गरी सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्रमा फाराम भराई IEMIS प्रणालीमा प्रविष्टि गर्नुपर्ने छ ।

१.२ उक्त फाराम विद्यालयले प्रिन्ट गरी कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फाराम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउनु पर्ने छ ।

१.३ सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण सूचकहरू सत्य साँचो भरी आफ्नो अभिभावकबाट प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेश गर्नुपर्ने छ ।

१.४ सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेस भएको फाराम प्रधानाध्यापकले रुजु र सही छाप गरी स्थानीय तहमा प्रमाणीकरणका लागि पेश गर्नुपर्ने छ ।

१.५ विद्यालयले माथि उल्लिखित प्रक्रिया पुर्‍याई विद्यालयमा प्राप्त भएका PMT फारामहरू शिक्षा विभागको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी सम्पूर्ण सूचकहरू भर्नु भराउनु पर्ने छ ।

**२. IEMIS मा PMT फाराम प्रविष्टि गर्नको लागिः**

२.१ यस विभागको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी Dashboard मा रहेको मेनुमा थिच्नुहोस् ।

२.२ PMT मेनुमा थिच्नुहोस्। त्यसपछि वर्षमा २०८३, कक्षामा ५ वा ८ छान्नुहोस् । Load मा थिच्नुहोस् ।

२.३ PMT फाराम भरेको विद्यार्थीको नामको दायाँतर्फ रहेको Action मा थिच्नुहोस् । PMT फाराम खुल्छ। तहाँ विद्यार्थीको प्रमाणित PMT फाराममा भरेका विवरण हुबहु भर्नु पर्ने छ ।

२.४ PMT फाराम IEMIS मा प्रविष्ट गरेपछि प्रमाणित फाराम र सोको अभिलेख विद्यालयले सुरक्षित राख्नु पर्ने छ।

**बोधार्थः**

श्री शिक्षा विकास निर्देशनालय, सबै प्रदेशः आवश्यक समन्वय एवम् सहजीकरण गरिदिनु हुन ।

श्री शिक्षा विकास तथा समन्वय एकाइ, सबैः विवरण प्रविष्टी वा सम्प्रेषण गर्ने कार्यमा आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन ।

श्री सामुदायिक विद्यालय (सबै): उपरोक्तानुसारको PMT फाराम भर्न भराउनु हुन र सोको विवरण IEMIS प्रणालीमा प्रविष्टि गर्नुहुन ।

शिक्षा शाखा
सूचना प्रविधि शाखा
२०८३।०५।०५